# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

# शुक्लाफाँटा नगरपालिका

## कञ्चनपुर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३९१

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
शुक्लाफाटाँ नगरपालिका,
कञ्चनपुर ।

**कैफियत सहितको राय**

हामीले **शुक्लाफाँटा नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.१ करोड ५८ लाख ८ हजार बेरुजु देखिएको छ। सोमध्ये मिति २०७९।१।९ मा प्राप्त प्रतिक्रियाबाट रु.२८ लाख ५० हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु.५ लाख २२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८३ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु.१९ लाख ९९ हजार र पेश्की रु.२० लाख ८० हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.५ करोड १ लाख १६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.५ करोड ८१ लाख ४१ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर** कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फस्यौट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४५ | १४ | १५८०८ | ० | १ | २८५० | ४५ | १३ | १२९५८ | ५२२ | १९९९ | ८३५७ | ० | ० | १०३५६ | २०८० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ५०११६ | ० | ४९३३ | ४५१८३ | ० | १२९५८ | ५८१४१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : शुक्लाफाँटा नगरपालिका, कंचनपुर , शुक्लाफन्ता नगरपालिका , कंचनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टिकेन्द्रराज भट्ट | २०७८-८-८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | विशन सिंह थापा | २०७७-४-१ | २०७८-८-७ |
| लेखा प्रमुख | लोकराज भट्ट | २०७७-४-१ | २०७८-३-३१ |
| | | **बेरुजु रकम** | १५,८०८,००६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,५१,६६,७८५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४,०८,२४,५४० | **चालु खर्च** | ३८,१२,५०,९३१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१७,१५,२४८ | **पूँजीगत खर्च** | २८,१२,३२,५६९ |
| **राजश्व बाँडफाँट** | १०,२३,५७,२१३ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | २,७७,८९,७७३ | | |
| **अन्य आय** | ४,८७,९०,१५० | | |
| **कुल आय** | ७४,१४,७६,९२४ | **कुल खर्च** | ६६,२४,८३,५०० |
| **बाँकी मौज्दात** | | १०,४१,६०,२०९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचय**–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकीकार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारितासह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिताउत्तरदायित्वपारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।नेपालको सुदूर पश्चिम प्रदेशको कन्चनपुर जिल्ला अन्र्तगतको **यस शुक्लाफाँटा नगरपालिकामा १२ वडा, ६५ सभा सदस्य, १६२.५७ वर्ग किलोमिटर क्षेत्रफल तथा ६३६६७ जनसंख्या रहेको छ ।**<br>लेखापरीक्षणका लागि पेश भएका आर्थिक कारोवारसंग सम्वन्धित विबरणहरु तथा नेपालकामहालेखापरीक्षकले जारी गरेको **नेपाल लेखापरीक्षण व्यबस्थापन प्रणाली ( व्यबस्थापन तथा संचालन ) निर्देशिका, २०७८ NAMS** बमोजिम स्वीकृत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं लेखापरीक्षण नीति, मानदण्ड,मार्गदर्शन,निर्देशन र लेखापरीक्षणका सीमा समेतको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरी तयार भएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनको मस्यौदामा व्यवस्थापनपक्षसंग छलफल गरी कायम भएका व्यहोरा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश गरी जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने वित्तीय विवरणको तयारी लगायतसम्पूर्ण आर्थिक कारोवारको जिम्मेवारी व्यवस्थापनपक्षसँग नै रहेको छ। | |
| २ | | | **आन्तरिक नियन्त्रण-**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल बमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खाता र पुजीगत खर्च खातामा मौज्दात राखेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ । खर्च भएर जाने तथा नजाने जिन्सी खाता कार्यालय प्रमूखबाट प्रमाणित गरेको छैन । जिन्सी खाता कार्यालय प्रमूखबाट प्रमाणित हुनुपर्दछ ।<br>जिन्सी निरीक्षण भएको छ तर उक्त प्रतिवेदनअनुसार मिनाहा तथा लिलामीका कार्य भएको पाइएन ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म.ले.प.फा. नं. ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ बमोजिम नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• कार्यपालिका तथा सभाको निर्णयबाट परिवर्तन भएका योजनाहरुको कार्यान्वयन सम्बन्धमा प्रगति विवरण तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३ | | | **प्रगति प्रतिवेदन-**<br>पालिकाले चौमासिक र वार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्दछ । कार्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रम तथा क्रियाकलापहरुमा भएको भौतिक वा भारित प्रगति स्पष्ट देखिने गरी नियमानुसारको प्रगति विवरण तयार गरेको देखिएन जसले गर्दा सम्पादित कामको परिमाण र अबस्था को बारेमा स्पष्ट हुन सक्ने अबस्था नरहेकोले निर्धारित ढाचामा आवधिक र बार्षिक प्रगति प्रतिबेदनहरु तयार गरी सो को बिश्लेषण समिक्षा र अनुगमन गर्नुपर्ने देखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्नु मनासिब देखिएन । यसमा सुधार हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **योजना छनौट-**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको २०२ योजनामध्ये ५ लाखभन्दा घटीका योजना १७२, ५लाखदेखि १० लाखसम्म १७ योजना तथा १० लाखभन्दा बढीका २३ योजना रहेका छन् । अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । | |
| ५ | | | **बजेट पेश तथा पारित**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले मिति २०७७।३।१० गते रु. ६९ करोड ६५ लाख १३ हजारको बजेट सभासमक्ष पेश गरेकोमा मिति २०७७।३।२१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट पारित भएको ७ दिनभित्र खर्च गर्ने अख्तियारी दिनुपर्नेमा मिति २०७७।४।२ मा मात्र बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । ऐनले तोकेको अवधिभित्र खर्च गर्ने अख्तियारी दिनुपर्दछ । | |
| ६ | | | **खरिद व्यवस्थापन** | |
| ६.१ | | | **सामाजिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमका कार्यहरु निरन्तर सन्चालन गरी सार्बजनिक जिम्मेबारी प्रबर्धनलाई बढावा दिनुपर्दछ । | |
| ६.२ | | | **वीमा** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) अनुसार खरिद सम्झौतामा अन्यथा ब्यबस्था भएकोमा बाहेक दश लाख रुपैयाँभन्दा बढी मूल्यको निमार्ण कार्य गर्ने निर्माण ब्यबसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेसिन, औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने ब्यबस्था छ । उपदफा १८ (घ) अनुसार यस्तो बीमा निर्माण व्यबसायीलाई निर्माणस्थल सुम्पिएको मितिदेखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मितिसम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानीको लागि हुनुपर्ने व्यबस्था छ । नियमावलीको नियम १२० अनुसार खरिद सम्झौताको म्याद थप गर्न सकिने तर म्याद थप गर्दा कार्यसम्पादन जमानत र बीमाको म्याद पनि थप गर्नुपर्ने ब्यबस्था छ । तर सो अनुसार सबै ठेक्कामा बीमा भएको देखिएन । नियमको व्यवस्था अनुसार सम्पूर्ण जोखिम वहन हुने गरी वीमा गराउने एंव ठेक्काको म्याद थप हुँदा वीमा अवधि पनि थप गर्नुपर्ने देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.३ | | | **गुणस्तर परीक्षण-**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अतः गुणस्तर परिक्षण बेगरको निर्माणकार्य गुणस्तरीय छ भन्न सक्ने अवस्था रहेन। अतः नियमानुसार नर्माण सामाग्रीको गुणस्तर परिक्षण गराउनु पर्दछ । | |
| ६.४ | | | **क) कार्य स्वीकार प्रतिवेदन** -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न भएको निर्माण कार्य,आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी भुक्तानीका लागि सम्बन्धित आर्थिक प्रशासन शाखा वा निकायमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्य स्वीकार प्रतिवेदनको आधारमा अन्तिम विल भुक्तानी दिने र त्रुटि सच्चाउने अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कार्यालयले त्रुटि सच्चाउने अवधि अगावै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छ । निर्माण व्यवसायी र उपभोक्ता समितिसँग भएको सम्झौताअनुसार त्रुटि सच्चाउने अवधि पश्चात त्रुटि सच्याउनु पर्ने अवस्था भएमा त्रुटि सच्याएर मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । नियमको पालना गरी निर्माण व्यवसायीलाई सम्झौताको अवधिसम्म जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।<br>**ख)म्याद थप**-<br>सम्झौता कार्यान्वयन सम्बन्धमा सम्झौताको शर्त बमोजिम निर्धारित समयभित्रै खरिद कार्य सम्पन्न गर्नु पर्नेमा कतिपय कार्यहरु निर्धारित समयमा सम्पन्न नभइ कार्यालयले आपूर्तक वा निर्माण ब्यबशायीको माग बमोजिम म्याद थप स्वीकृत गरेको देखिन्छ । म्याद थप गर्दा निर्माण ब्यवसायीको निबेदन बमोजिम कारण मनासिब ठहर्‍याए कार्यपालिकाले निर्णय गरी म्याद थप गर्ने गरेको देखिन्छ । म्याद थप गर्दा पर्याप्त आधार प्रमाण लिएर मात्र म्याद थप गर्नुपर्दछ । | |
| ६.५ | | | **चेनेज नखुलाएको** - सडक निर्माण कार्य गर्दा निर्माण कार्य कुन स्थान देखि कुन स्थानसम्म निर्माण कार्य गरेको हो सो खुलाउनुको साथै चेनेज पनि खुलाउनु पर्दछ । नापी प्रयोजनका लागि केही स्थानमा चेनेज खुलाए पनि लागत अनुमान तयार गर्दा देखि निर्माण सम्पन्न हुँदासम्म तयार गरेका कागजातमा चेनेज नखुलाउँदा निर्माण कार्यको स्थान एकिन नभई काम गरेको परीमाण नै बास्तविक हो भनि एकिन गर्ने अबस्था नहुने हुँदा सबै सडक निर्माण कार्य गर्दा गराउदा स्पष्टरुपमा चेनेज समेत खुलाउने व्यबस्था गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **क्षेत्रगत बजेट खर्च-**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table><tr><td>क्र.स</td><td>क्षेत्र</td><td>बजेट ( रु. हजारमा)</td><td>खर्च ( रु. हजारमा)</td><td>खर्च प्रतिशत</td></tr><tr><td>१</td><td>आर्थिक विकास</td><td>२७६७८</td><td>१९५८५</td><td>७०.७६</td></tr><tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१३५१८७</td><td>६९९८७</td><td>५१.७७</td></tr><tr><td>३</td><td>सामाजिक विकास</td><td>२५३८६२</td><td>२२५८२९</td><td>८८.९६</td></tr><tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१५६८८</td><td>१३९२४</td><td>८८.७६</td></tr><tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१२३०५२</td><td>१०८९९६</td><td>८८.५८</td></tr></table>उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ८८.९६ प्रतिशत र पूर्वाधार विकास क्षेत्रमा सबै भन्दा घटी ५१.७७ प्रतिशत खर्च भएको छ । बजेटको सन्तुलित रुपमा खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ८ | | | **चौमासिक पूँजीगत खर्च-**<br>नगरपालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगततर्फ बार्षिक रु.२८ करोड १२ लाख ३२ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.१ लाख ३४ हजार अर्थात ०.०५ प्रतिशत, दोश्रो चौमासिकमा रु.१ करोड ३१ लाख ५६ हजार अर्थात ४.६८ प्रतिशत र तेश्रो चौमासिकमा रु.२६ करोड ७९ लाख ४२ हजार अर्थात ९५.२७ प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र रु.९ करोड २४ लाख ३० हजार अर्थात ३२.८७ प्रतिशत खर्च भएको छ । यसरी तेस्रो चौमासिकमा अधिकांश पूजीगत खर्च भएको देखिएबाट सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । | |
| ९ | | | **दरवन्दी पदपूर्ति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति नभएकोले नगरपालिकाका स्थानीय जनताहरु पाउनु पर्ने सेवाबाट बञ्चित हुनपरेको अवस्था रहेको छ । नगरपालिकाले स्वीकृत दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति समयमै गर्नुपर्ने तर्फ ध्यान दिनुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १० | | | **तलवी प्रतिवेदन-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिवेदन आन्तरीक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु.२ करोड ४५ लाख ७९ हजार तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **सेवा प्रवाह-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्नबमोजमिम सेवाप्रवाह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार संचालन ऐन तथा पालिकाबाट निर्मित ऐनकानूनबमोजिम सेवाप्रवाहलाई थप परिस्कृत बनाउँदै लैजानुपर्दछ । | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ५३ |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | ९६३ |
| मृत्युदर्ता | २४० |
| बसाईसराई दर्ता | ६७६ |
| विवाह दर्ता | ४८३ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ०.६ |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३३.२८ कि मि |
| ग्राभेल सडक मर्मत | १.७४ कि मि |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **सार्वजनिक सम्पतिको संरक्षण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नको लागि आवश्यक नीति तथा मापदण्ड निर्माण गरी सार्वजनिक सम्पति तथा जग्गाको अभिलेखाङ्कन, अनुगमन गरी संरक्षण तथा सम्वर्द्धन गर्नुपर्दछ । | |
| १३ | | | **पदाधिकारी सुविधा-**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.१ करोड २३ लाख ९० हजार सुविधा वापत भुक्तानी भएको छ । | |
| १४ | | | **अनुदान फिर्ता-**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेको संघीय अनुदान रु.३५२१४७५४।- संघीय सञ्चित कोषमा तथा प्रदेश अनुदान रु.९४५२७५।- प्रदेश सञ्चित कोषमा फिर्ता गरेको छ । | |
| १५ | | | **राजस्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाबाट केही वडामा स्वचालित प्रणालिबाट र केही वडाहरुमा रसिद ठेलिहरु छपाई गरेर राजस्व संकलन गर्ने गरेको देखियो । यस्तो प्रकृयाबाट राजस्व असुल गर्नु मनासिव नदेखिएकोले कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा ध्यान पुर्‍याउनुपर्ने देखियो । | |
| १६ | | | **कानून निर्माण-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । हालसम्म नगरपालिकाले ऐन, नियमावली, कार्यविधि, निर्देशिकासमेत गरी ५६ कानून बनाएको छ । नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको नगर प्रहरी, स्थानीय तथ्याङ्क , फोहोर व्यवस्थापन लगायतका विषयमा स्थानीय कानून तयार गरेको छैन । गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रको स्थानीय कानून निर्माण गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्‍याउनुपर्दछ। निर्माण भएका कानूनहरुलाई संघीय तथा प्रादेशिक कानूनबमोजिम संशोधन तथा अद्यावधिक गर्नेतर्फ नगरपालिकाले ध्यान पुर्‍याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **रकमान्तर**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष कार्यपालिकाले पटके निर्णयबाट विभिन्न योजना तथा कार्यक्रममा रु.८ करोड १४ लाखअर्थात बजेटको ११.६९ प्रतिशत रकमान्तर भएको छ । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वियनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ । | |
| १८ | | | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको छ । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा समितिले ऐनको व्यवस्थाअनुसार उपलव्ध गराएको छैन । समितिले ऐनको व्यवस्थाअनुसार कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| १९ | | | **नगर प्रोफाइल**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको छैन । नगरपालिकाले नगर प्रोफाइल तयार गरी बजेट तर्जुमादेखी योजनाहरु सञ्चालन गर्दा नगर प्रोफाइललाई आधार मानी तर्जुमा गर्नुपर्ने देखिन्छ । | |
| २० | | | **बजेट तथा कार्यक्रम तर्जुमा समिति**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार नगरपालिकाले समिति गठन गरेको छ । समितिले आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **कल्याण कोष-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । कर्मचारी कल्याण कोषमा यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा गतवर्षसम्मको रु.२०५५४९३।- मौज्दात रहेको छ भने यस वर्ष पालिकाले कोषमा रकम जम्मा गरेको छैन । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन। कल्याण कोष संचालन सम्बन्धमा कार्यविधिको व्यवस्था गरी ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरुबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २२ | | | **न्यायीक समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । न्यायिक समितिसमक्ष आ.व.०७७/७८ मा गत वर्षको ६ मुद्दा जिम्मेवारी सरी आएको तथा यस वर्ष ३० मुद्दा दर्ता भई कुल ३६ मुद्दा रहेकोमा ३४ मुद्दा फछ्र्यौट भएका छन भने २ मुद्दा फछ्र्यौट हुन बाँकी रहेको छ । मुद्दाको वडागत अभिलेख नराखेको, सूक्ष्म ढंगबाट विवादको विषयवस्तुको विश्लेषण गरी विवाद न्यूनीकरणलाई सहयोग पुर्‍याउने सम्बन्धी कार्यक्रमको सञ्चालन गर्नुपर्ने, त्यसैगरी नगरपालिकाले न्यायिक समितिको क्रियाशीलता र प्रभावकारिता बढाउनुपर्ने हुँदा न्यायिक समितिलाई विवाद समाधानमा जिम्मेवार र जवाफदेही तुल्याई सर्वसाधारणलाई कम खर्चिलो, सरल र छरितो न्याय प्रदान गर्न नगरपालिकाले विशेष ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **पेश्की-**<br><br>**क)** सुदुरपश्चिम प्रदेशको आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३६(५) मा सरकारी निकायबाट कुनै तालिम, गोष्ठी, कार्यशाला गोष्ठी आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयारी गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने ब्यवस्था छ । कार्यालयले कृषि, शिक्षा, पशु र स्वास्थ्य लगायतका क्षेत्रका कार्यक्रम सञ्चालन गर्न पेश्की माग गर्दाको बखत कार्यक्रम निर्देशिका अनुरुपका क्रियाकलापहरु निर्धारण गर्ने र स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानका आधारमा त्यस्ता तालिम, गोष्ठी सञ्चालन गर्नुँपर्नेमा निवेदनका आधारमा पेश्की लिने, लिएको पेश्की फछ्र्यौट नगरी पुनः पेश्की दिने आर्थिक वर्षको अन्त्यसम्म कार्यक्रम नगरी पेश्की रहिरहने र बर्षान्तमा मात्र कार्यक्रम गरी पेश्की फछ्र्यौटको लागि पेश गर्ने गरेको देखियो ।<br>**ख) पेश्की फछ्र्यौटः**<br>पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य तोकिएकोमा कार्यालयले देहाय अनुसारका पेश्की दिएकोमा आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी देखिएका म्याद ननाघेको पेश्की रु.६३२६०००।– तथा म्याद नाघेको पेश्की रु.२०७९७५५।- समयमा फर्छ्यौट गर्नु गराउनु पर्ने देखिएको छ । | २,०७९,७५५ |

| सि. नं. | विवरण | पान नं. | रकम |
|---|---|---|---|
| | **म्याद ननाघेको पेश्की** | | |
| १ | एल बि कन्स्ट्रक्सन | | ८२६००० |
| २ | एम के निरज जे भि | | ५५०००००० |
| | जम्मा | | ६३२६००० |
| | **म्याद नाघेको पेश्की** | | |
| १ | अग्री इन्कर्पोरेटेड प्रा. लि. | | १०७९७५५ |
| २ | महेश भट्ट | | १०००००० |
| | जम्मा | | २०७९७५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **कोभिड कोष-**<br>कोभिड १९ बाट उत्पन्न जटिल परिस्थितिको व्यवस्थापन गर्न नगरपालिकाले प्रकोप व्यवस्थापन कोष खडा गरी आन्तरिक तथा बाह्य स्रोतबाट स्रोत व्यवस्थापन गरी राहत वितरण, क्वारेण्टिन व्यवस्थापन तथा आइसोलेसन व्यवस्थापनको कार्य गरेको छ। प्रकोप व्यवस्थापन कोषको आय तथा व्ययको अवस्था निम्न बमोजिम रहेको छ। | |

| आम्दानीको विवरण | रकम | खर्चको विवरण | रकम |
|---|---|---|---|
| गत बर्षको मौज्दात | २७०५७५३ | राहत वितरण | 0 |
| संघीय संचित कोष | 0 | क्वारेण्टिन व्यवस्थापन | १३९४००९ |
| प्रदेश संचित कोष | 0 | आइसोलेसन व्यवस्थापन | २७०४१२७ |
| आन्तरिक स्रोत | १२३५२१७२ | जोखिम भत्ता | २४४४२४८ |
| संघीय कोभिड कोष | 0 | औषधि एवं स्वास्थ्य सामग्री | ३३३०७६१ |
| अन्य | 0 | अन्य(विधालयमा रहेका क्वारेन्टाईनहरु सेनेटाजिङ ) | १५००००० |
| | | दैविक प्रकोप कोष(मौज्दात) | ३६८४७८० |
| जम्मा | १५०५७९२५ | जम्मा | १५०५७९२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२५</td><td></td><td></td><td>
वडा कार्यालय भवन-<br>
यस नगरपालिका कार्यालयले निम्न अनुसार वडा कार्यालय भवन निर्माणका लागि बोलपत्रको माध्यमबाट ठेक्का सम्झौता गरी निर्माण कार्य गराइ रहेको छ ।<br>
(रकम रु हजारमा मु अ कर समेत)<br>
<table>
<tr><th>कामको बिबरण</th><th>ठेक्का नं</th><th>लागत अनुमान रु.</th><th>ठेक्का रकम रु.</th><th>सम्झौता मिति</th><th>काम सम्पन्न गर्ने मिति</th><th>निर्माण व्यबसायी</th></tr>
<tr><td>वडा नं ९ को कार्यालय भवन</td><td>०७७।७८-१४</td><td>१,७१,९८</td><td>१,०१,२०</td><td>०७७।११।१९</td><td>०७८।१२।२०</td><td>जि के कन्स्ट्रक्सन</td></tr>
<tr><td>वडा नं २ को कार्यालय भवन</td><td>०७७।७८-२३</td><td>१,५९,००</td><td>९४,५०</td><td>०७७।११।१९</td><td>०७८।१२।२०</td><td>एल बि कन्स्ट्रक्सन</td></tr>
</table>
उक्त निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>
भूमि सम्बन्धि ऐन, २०२१ को ५९क. मा सरकारी विद्यालय, सरकारी स्वास्थ्य केन्द्र वा अस्पतालको वा सरकारी प्रयोजनको लागि जग्गा आवश्यक भई त्यस्तो स्थानमा सरकारी जग्गा नरहेको वा भए पनि प्रयोग गर्न उपयुक्त नरहेको कारण त्यस्तो स्थानमा रहेको सार्बजनिक प्रकृतिको जग्गा प्रयोग गर्न उपयुक्त र आवश्यक हुने देखिए नेपाल सरकारको स्वीकृति लिएर प्रयोग गर्न सकिने व्यबस्था रहेको छ ।सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई, निर्माणस्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआव्जा वा क्षतिपूर्ति वितरण गर्नु पर्नेमा सोको लागि बजेटको सुनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले उक्त स्थानमा भवन बनाउने जग्गा यस कार्यालयको नाममा दर्ता नभएको सार्बजनिक जग्गा भएको अबस्थामा नेपाल सरकारको स्वीकृति लिनु पर्नेमा स्वीकृति समेत नलिई भवन बनाउने सम्झौता गरी निर्माण कार्य गराइरहेको पाइयो । यस्ता कार्य प्रचलित कानून विपरित मानिने हुँदा कानूनी प्रकृया पुरा गरी नगरपालिकाको स्वामित्व भएको जग्गामा मात्र कार्यालय भवन बनाउने व्यवस्था हुनुपर्दछ ।<br>
सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १११(१)ज१ बमोजिम निर्माण व्यवसायीले तोकिए अनुसार निर्माण स्थलमा सूचना पाटी राख्नु पर्ने उल्लेख छ । स्थलगत अबलोकनमा जाँदा ९ नं वडा कार्यालय भबन निमार्णाधिन स्थानमा उपरोक्त अनुसार सुचना राखेको पाइए पनि २ नं वडा कार्यालय भबन निर्माणाधिन स्थलमा राखेको पाइएन । तोकिए अनुसारको सूचना नहुनु मनासिब देखिँदैन । यस्तो प्रकृयामा सुधार हुनुपर्दछ ।<br>
उक्त स्थानको कार्यालयका प्राबिधिक तथा लेखा प्रमुखसहित लेखापरीक्षण टोलीले २०७८ पुष १६ मा स्थलगत अबलोकनमा जाँदा वडा नं २ को कार्यालय प्रयोजनलाई बन्दै गरेको भवनको तीन तल्लाको ढलानसमेत गरी सबै गरी काम सम्पन्न गर्नु पर्नेमा एक तलासम्मको ढलानको काम सकेको र वडा नं ९ को कार्यालय प्रयोजनलाई बन्दै गरेको भवनको पनि तीन तल्लाको ढलानसमेत गरी सबै काम सम्पन्न गर्नु पर्नेमा दुई तल्लासम्मको ढलानको काम सकि भूँई तल्लामा प्लाष्टरको काम गर्दै रहेको देखियो । समग्रमा ९ नं वडाको कार्यालय भवनको निरन्तर काम जारी राखेमा तोकिएको समयमा काम सम्पन्न हुनसक्ने सम्भावना भए पनि २ नं वडाको भबन निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुनसक्ने अवस्था नदेखिएकोले कार्यालयले आवश्यक कारवाही गरी दुबै काम समयमै सम्पन्न गर्न गराउन ध्यान दिनुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>२६</td><td>०</td><td></td><td>अस्पताल भवन निर्माण-</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागत अनुमान रु.९,७५,६६,३४९।२७ ( पी एस बाहेक मु अ कर समेत) भएको १० बेड क्षमताको शुक्लाफाँटा नगरपालिकाको पिपलाडी वडा नं ४ मा अस्पताल बनाउने प्रयोजनका लागि लागत अनुमान तयार गरि बिद्युतिय बोलपत्र आव्हान गरेकोकोमा प्राप्त ६ थान बोलपत्रमध्ये सबैभन्दा घटी कबोल गर्ने MK/Niraj JV सँग २०८०।३।२० सम्ममा काम सम्पन्न गर्ने गरी २०७८।३।७ मा सम्झौता गरेको ठेक्कामा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन् :<br><br>**क)** सम्झौता अनुसार मोबिलाईजेसन पेश्की उपलब्ध गराउन सक्ने व्यबस्था अनुसार एन सी सी बैकको रु.५५,००,०००। को बैंक ग्यारेन्टी अनुसार रु. ५५,००,०००। उपलब्ध गराएकोमा निर्माण व्यबसायीले पेश गरेको ग्यारेन्टी शर्त रहितको हुनु पर्नेमा उपलब्ध गराएको पेश्की रकम उक्त बैकको महेन्द्रनगर शाखामा रहेको खाता नं ०१००००११५४२०१ मा पेश्की दिएको रकम जम्मा हुने गरी दिएमा मात्र ग्यारेन्टी लागू हुने भनि शर्त राखी पेश गरेको जमानतका आधारमा पेश्की दिएको देखियो । यस्तो प्रकृया पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।<br><br>ख) सम्झौता अनुसार निर्माण व्यबसायीले मुल्य समायोजन पाउने देखिन्छ । हस्ताक्षरित सम्झौतामा कार्यालयले व्यबसायीले निम्न अनुसार भार राखी मुल्य समायोजनका लागि प्रस्ताब गर्न सक्ने गरी तोकेको भए पनि निर्माण व्यबसायीको प्रस्ताब कति हो खुलाएको छैन ।<br><br>बिबरण / कार्यालयबाट प्रस्तावित भार (देखि / सम्म) / व्यबसायीबाट प्रस्ताबित:<br>लेवर / ०.३ / ०.३५ / नखुल्ने<br>मटेरियल / ०.५ / ०.५५ / नखुल्ने<br>इक्यूपमेन्ट / ०.०१ / ०.०१५ / नखुल्ने<br>जम्मा / ०.८१ / ०.९१५ / नखुल्ने<br><br>**ग)** व्यबसायी सो प्रस्ताबमा कुनै व्यहोरा नखुलाएको भए पनि ठेक्का सम्झौता गर्नु र भार राख्दा कुल ०.८१ देखि ०.९१५ सम्म भार राख्न पाउने र पेश्की रकम कट्टा नगरेरै मुल्य समायोजन पाउने अबस्था देखिनुले मुल्य समायोजन दिँदा बिबिधता भई कार्यालयलाई अनाबश्यक मुल्य समायोजनको भार पर्न सक्ने अबस्था रहेको छ ।यस्तो प्रकृयाबाट सम्झौता गर्नु मनासिब देखिदैन । यस सम्बन्धमा निर्माण व्यबसायीले पेश गरेको प्रस्ताबमा मुल्य समायोजनको भार स्पष्ट खुलाएको तर हस्ताक्षरित सक्कल सम्झौतामा प्रिन्ट गरेर राख्दा छुट भएको भनाई कार्यालयको रहेको छ ।<br>ठेक्का सम्झौता अनुसार निर्माण व्यबसायीले काम शुरु गर्नु अगाबै काम,कामदार,औजार र निर्माण कार्यको तोकिए बमोजिम बीमा गरि प्रमाण पेश गर्नु पर्नेमा लेखापरीक्षण समय २०७८ पुससम्ममा पनि पेश गरेको छैन । यस्तो अबस्थामा निर्माण क्रममा कुनै दुर्घटना भएमा बीमाबाट क्षतिपूर्ति दाबी नहुने हुँदा सम्झौता अनुसार तोकिए बमोजिमको बीमाको कागजात पेश हुनुपर्दछ । | |

Nested table from the बिषय cell:

| बिबरण | कार्यालयबाट प्रस्तावित भार | | व्यबसायीबाट प्रस्ताबित |
|---|---|---|---|
| | देखि | सम्म | |
| लेवर | ०.३ | ०.३५ | नखुल्ने |
| मटेरियल | ०.५ | ०.५५ | नखुल्ने |
| इक्यूपमेन्ट | ०.०१ | ०.०१५ | नखुल्ने |
| जम्मा | ०.८१ | ०.९१५ | नखुल्ने |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | २९६ | २०७८-३-२३ | **स्यानीटरी प्याड खरिद-**<br>सामुदायीक बिद्यालयका छात्राहरुलाई निशुल्क स्यानीटरी प्याड ४०४८६ थान बोलपत्रको माध्यमबाट ( ई बिडिङ्ग नभएको ) सम्झौताको १५ दिनभित्र आपूर्ति गरिसक्नु पर्ने गरी २०७८।३।८ मा आपूर्तक एम के हेल्थ केयर नेपाल, नयाँबानेश्वर, काठमाण्डौंसँग सम्झौता गरी काम गराएकोमा देखिएका व्यहोरा निम्न छन् :<br>सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) अनुसार सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नु पर्ने र सोही नियमको उप-नियम (२) मा उप-नियम (१) बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा देहायका कुरालाई आधार लिनु पर्ने ब्यबस्था रहेको छ ।<br>• सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत,<br>• स्थानीय बजारमा प्रचलित दरभाउ,<br>• अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च,<br>• उद्योग वाणिज्य संघले जारी गरेको दररेट,<br>• दररेट उपलब्ध हुन सक्ने मालसामानको हकमा जिल्ला दररेटमा तोकिए बमोजिमको दररेट ।<br>**क)** तर यस कार्यालयले उक्त व्यहोरालाई आधार नमानी तीन फर्मबाट फोटोकपी लेटर पायडमा पेश गरेको तर कार्यालयमा दर्ता नभएको दरभाउ पत्रमा उल्लेखित प्रति गोटा रु.८०।, रु.८०।५० र रु.८२।मध्ये सबैभन्दा घटी दर रु.८०।लाई आधारमानी ४०४८६ थानका लागि कुल रु.३२,८०,८३८। को लागत अनुमान स्वीकृत गरी प्रभाब दैनिक नामक पत्रिकामा सूचना प्रकाशन गरी बोलपत्र माग गरेकोमा लागत अनुमान तयार गर्नका लागि फोटोकपी लेटर पायडमा रु.८०।को दररेट पेश गर्ने मध्येको एम के हेल्थ केयर नेपाल, नयाँबानेश्वर,काठमाण्डौंको सबैभन्दा घटी रु.३२,२२,६८५।६० ( प्रति प्याकेट रु.७९।६०) को बोलपत्र प्राप्त भएको खुलाई सो आधारमा सामान आपूर्ति गरेको छ ।<br>**ख)**यसै जिल्लामा पर्ने एक नगरपालिकामा एम के हेल्थ केयर नेपाल, नयाँबानेश्वर,काठमाण्डौंले लागत अनुमान तयार गर्ने प्रयोजनका लागि पेश गरेको दरभाउ पत्रमा नेपाल सरकारले तोकेको मापदण्ड पुगेको स्यानीटरी प्याड प्रति थान रु.६०। मा दिन सकिने भनि दरभाउ पेश गरेको भए पनि अन्य दरभाउपत्रदाता समेतको आधारमा प्रति गोटा रु.४२।४८ (मु अ कर समेत) को लागत अनुमान कायम गरी दरभाउ पत्र माग गरेकोमा रु.२३। (मु अ कर समेत) दरको एम के हेल्थ केयर नेपाल, कै सबैभन्दा घटीको सिलबन्दी दरभाउ पत्र प्राप्त भएकोले सोही फर्मबाट खरिद कार्य सम्पन्न गरेको छ । एउटै फर्मबाट फरक फरक दर पेश गर्ने र दुइ कार्यालयलाइ पेश गर्ने दरमा प्रति इकाइ रु५६।६० अर्थात कुल रु२३१४१४७।६० बढि व्ययभार पर्ने गरी खरिद बिक्री गर्ने गराउने कार्य मितब्ययी र बिश्वसनीय भन्ने अबस्था रहेन ।यसमा कार्यालयले यथार्थता एकिन गरी प्रमाण पेश गर्नु पर्दछ ।<br>**ग)** स्यानीटरी प्याड ( बितरण तथा व्यबस्थापन ) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिए बमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेशी सहितको अभिलेख राख्नु पर्ने, स्थानीय तहले प्रदेश सामाजिक मन्त्रालयमा तोकिए बमोजिम प्रगति प्रतिबेदन पठाउनुपर्ने लगायतका कार्य गर्नु पर्नेमा सो अनुसार गरेको अभिलेख रहेको पाइएन । कार्यबिधिले तोकेको प्रकृया पुरा गरेको नदेखिनु मनासिब नदेखिएकोले यस्तो प्रकृयामा सुधार हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **परामर्श खरिद-**<br>पालिकाको कार्यालयले यस बर्ष वडा नं ४ को पिपलाडीमा अस्पताल निर्माणका लागि रु.९,९७,२५९।१२ को लागत अनुमान तयार गरी कार्यालयमा सुचिकृत तीन फर्मबाट आर्थिक तथा प्राबिधिक प्रस्ताब माग गरी सबैभन्दा कम रकम कबोल गर्ने Shining Axis Consultant Pvt Ltd सूर्य बिनायक, भक्तपुरको रु.९,७८,५८०।कबोल अंक प्राप्त भएको जनाई सो फर्मसँग सम्झौता गरी परामर्शको काम सम्पन्न भएको जनाएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाहय परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु. ९,७८,५८०। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन । | |
| २९ | | | **औषधि व्यवस्थापन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त प्रक्रिया वेगर रु.२१ लाख ८९ हजार औषधि सोझै खरिद गरेको छ । खरिद गरेका औषधिको उत्पादन सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको, आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको, खरिद भएको औषधिहरु विषय विज्ञबाट मुचुल्का उठाई उक्त औषधि निशुल्क वितरण भनि लेखेको प्रमाण जस्ता व्यहोराहरु खुलेको प्रमाण राख्ने गरेको देखिएन । नगरपालिकामा आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा नियमानुसार बार्षिक खरिद गर्नुपर्ने सामानहरुको योजना तयार गरी एकमुष्ट खरिद प्रकृया अनुसार गरी प्रतिस्पर्धात्मक लाभ लिदै गुणस्तरिय औषधि तथा उपकरण खरिद गरी वितरण गर्न पालिकाले ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td>६६</td><td>२०७८-३-३०</td><td>जोखिम यातायात भत्ता-<br>जोखिम भत्ता सम्बन्धि निर्देशिकामा कोभिड १९ महामारिमा खटिएका कर्मचारीहरुलाई तोकिए अनुसार १००% ७५% र ५० % जोखिम भत्ता वितरण गर्ने व्यवस्था छ । नगरपालिकाले जोखिमको अवधिमा देहायका स्वास्थ्य कर्मचारीहरुलाई १०० % भत्ता वितरण गरेकोमा पुनः यातायात खर्च भनि भुक्तानी गरेको देखिएकोले जोखिम भत्ता भुक्तानी भई रहेको अवस्थामा दोहोरो खर्च भुक्तानी रु.७२५००। भएको निजबाट असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>३०.१</td><td>लोकेन्द्र बहादुर ऐर</td><td>१२,०००</td></tr>
<tr><td>३०.२</td><td>विरेन्द्र विष्ट</td><td>१२,०००</td></tr>
<tr><td>३०.३</td><td>बसन्त धामी</td><td>८,०००</td></tr>
<tr><td>३०.४</td><td>विवेक धामी</td><td>११,५००</td></tr>
<tr><td>३०.५</td><td>दुर्गादत्त भट्ट</td><td>६,०००</td></tr>
<tr><td>३०.६</td><td>गोविन्द जोशी</td><td>२,५००</td></tr>
<tr><td>३०.७</td><td>पुनम ठकुल्ला</td><td>८,०००</td></tr>
<tr><td>३०.८</td><td>हेलेन थापा</td><td>८,०००</td></tr>
<tr><td>३०.९</td><td>बर्षा सिंह</td><td>४,५००</td></tr>
</table></td><td>७२,५००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>विद्यालय अनुदान<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७।७८ अनुसार विद्यालय लाई दिने अनुदान एकीन संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट ३१ वटा विद्यालयलाई गएको कोभिड १९ सिकाई सहजिकरणमा स्वास्थ्य सामाग्रि व्यवस्थापनको लागि गएको रु.२१३२०००। अनुदानको अनुगमन गरेको देखिएन । अतः पालिकाले अनुदानको वितरण भए नभएको एकिन हुने प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>२,१३२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | 213 | २०७८-३-१० | **पाठ्यपुस्तकमा बढी भुक्तानी**<br>वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीका २०७७।७८ मा उल्लेख भए अनुसार दिनुपर्ने व्यवस्था छ । तर नगरपालिकाले उक्त पुस्तीकामा उल्लेख भए भन्दा बढी हुने गरी पाठ्य पुस्तकमा शिवशक्ति माविलाई ईएमआईएस भन्दा रु १३८७८।बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु. | १३,८७८ |
| ३३ | | | **शिक्षकको ग्रेड भुक्तानी**<br><br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम निकासा वा खर्च भएको रकम असुल गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको देहायका विद्यालयहरुलाई तलव तथा ग्रेड बढी निकासा गरेको देखियो । तसर्थ पाउने भन्दा बढी निकासा भएको रकम असूल गर्नुपर्ने रु. | ४१,६१३ |

| विद्यालयको नाम | बढी भुक्तानी पाउने व्यक्ति | रकम | कैफियत |
|---|---|---|---|
| कृष्ण मावि झलारी | गंगादत्त भट्ट | ९४०० | तलवि प्रतिवेदनमा ग्रेड शुन्य भएकोमा १ ग्रेड भुक्तानी भएको |
| कालिका मावि अर्सैना | हरिप्रकाश भट्ट | ३२२१३ | करारमा नियुक्ति २०७७।८।३ मा भएकोमा दोस्रो त्रैमासिकमा रु.५८३८७। मात्र भुक्तानी हुनुपर्नेमा रु.९०६००। निकासा भएकोले बढी भुक्तानी भएको |
| जम्मा | | ४१६१३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **विद्यालय अनुदान**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नगरपालिकाले शिक्षण सिकाई अनुदानमा नगरपालिकाका ३२ वटा विद्यालयहरुलाई बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा रु.१०१५१२००। तथा १२ वटा वडामा छुट्याईएको बजेटबाट पनि विद्यालयहरुलाई शिक्षक अनुदान शीर्षकमा रु.४३१८०००। गरी जम्मा रु.१४४६९२००।अनुदान खर्च लेखेको छ । नगरपालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि तयार नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी खर्च लेखेको देखियो । एउटै शीर्षकमा विना कार्यविधि नगरपालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | १२ | २०७८-३-३० | **उपभोक्ता समिति-**<br>सरस्वति मा.वि. कलुवापुरमा प्रदेश पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आइ सि टी जडान कार्य सम्बन्धमा देखिएका बेहोरा निम्न छन्-<br>1. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सँग सम्बन्धित सेवासम्बन्धी कार्य उपभोक्ता वा लाभग्राही समूहलाई गराउन सक्ने व्यवस्था छ । तर कार्यालयले खरिद प्रकृतिको आइसिटीका सामानहरु खरिद तथा जडान कार्यलाई निर्माण कार्य वा सोसँग सम्बन्धित सेवा सम्बन्धी कार्य जस्तै ठहर्‍याई विद्यालय व्यवस्थापन समितिबाट काम गराएको मनासिव देखिएन ।<br>2. सुदुरपश्चिम प्रदेश उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को बुँदा नं.४ मा उपभोक्ताको श्रमदान हुन नसक्ने कार्य उपभोक्तामार्फत गराउन नसकिने उल्लेख छ भने बुँदा नं. ५ मा न्यूनतम १० प्रतिशत उपभोक्ताको तर्फबाट लागत सहभागिता हुनुपर्ने उल्लेख छ । प्रस्तुत कार्यमा उपभोक्ताको लागत सहभागिता शुन्य रहेकोले यस्तो कार्य लाभग्राही समूदायलाई दिनु मनासिव देखिएन ।<br>3. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता वा लाभग्राही समूदायलाई दिएको कार्य आफैँ सम्पन्न गर्नुपर्दछ, निर्माण व्यवसायी वा सवकन्ट्र्याक्टरबाट गराउन नसकिने व्यवस्था छ । तर आइसिटी जडान कार्यको लागि विद्यालयले सिलवन्दी दरभाउपत्र आह्वान गरी मालिका इन्कर्पोरेट काठमाडौँबाट रु.१९९९२००।- बराबरको आइसिटी जडान कार्य गराई भुक्तानी दिएको छ । यस्तो कार्य सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१३ क ) अनुसार उपभोक्ता समितिलाई दिएको कार्यमा निर्माण व्यवसायी संलग्न भएको पाइएमा त्यस्तो उपभोक्ता समितिसँग गरेको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समूदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने व्यवस्था भएकाले नियमावलीको उक्त व्यहोरा कार्यान्वयन गरी प्रमाण पेश हुनुपर्दछ । | १,९९९,२०० |
| ३६ | | | **विल भर्पाई** | |
| ३६.१ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ अनुसार विल भर्पाई सहित लेखा राख्नुपर्ने उल्लेख छ । शुक्लाफाँटा नगरपालिका वडा नं.९ को घरकट्टा खोलामा ९६ मि लम्बाई र १५० सेमि चौडाईको नौखरी मल्टि स्वास ट्रस रु.८१०४५७२। को लागतमा ८५ प्रतिशत केन्द्रिय अनुदान,१३ प्रतिशत नगरपालिका अनुदान र २ प्रतिशत सम्बन्धित उपभोक्ता समितिको लागत सहभागितामा बनाउने गरी लागत अनुमान स्वीकृत भै कार्यान्वयनमा आउदा एक आपूर्तक कम्पनी मैनावती स्टिल ईन्डस्टिज प्रा.लि.द्धारा आपूर्ति गरिएका रु.३९४६४७६। बरावरका फेव्रिकेटेड स्टिल पार्टस र ट्रस निर्माण उपभोक्ता समितिको विल बमोजिम रु.१००५७५७। समेत भुक्तानी भएकोमा मिति २०७८।२।१५ भित्र सम्पन्न भै सक्नुपर्ने उक्त पुलको कूल खर्च र निर्माण अवस्था प्रगति विवरण एवं लागत सहभागिता सम्बन्धि विस्तृत विवरण पेश नभएकोले सो सम्बन्धि प्रतिवेदन विवरण लिनेतर्फ नगरपालिकाले ध्यान पुर्‍याउनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६.२</td><td>144</td><td>२०७८-३-१७</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । वडा नं.८ मा ट्र्याक खोल्न र ग्राभेल गर्न बाँकी रहेको शाखा सडकहरुमा ग्राभेलिङ्ग गर्न सम्बन्धित उपभोक्ता समितिसँगको भएको रु.१८२६५७७। को सम्झौता अनुसार कार्यालयले रु.१३८४५००। मात्र भुक्तानी दिने सर्त रहेकोमा रु.१८११३००। मात्रको कार्य सम्पन्न भई रु.१३७२९२७। मात्र भुक्तानी दिनु पर्नेमा रु.१३७८५६७। भुक्तानी दिएकोले बढी भुक्तानी रकम असूल गर्नुपर्ने रु.</td><td>५,६४६</td></tr>
<tr><td>३७</td><td></td><td></td><td>कार्यसम्पन्न-<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । निम्नानुसार संस्थालाई अनुदान निकासा पठाएकोमा सोको सम्झौतानुसारको विल भर्पाई नापी,कार्य सम्पन्न प्रतिवेदन एवं कार्य स्वीकार प्रतिवेदनका साथै अनुगमन प्रतिवेदन एवं कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु.
<table>
<tr><th>गो.भौ/मिति</th><th>संस्थाको नाम</th><th>काम</th><th>रकम</th></tr>
<tr><td>२२।०७७।१०।२</td><td>नेपाल विद्युत प्राधिकरण प्रादेशिक कार्यालय महेन्द्रनगर</td><td>नगरपालिकाको वडा नं. ८ मणिका घाम टोलमा विद्युतिकरण गर्ने</td><td>१९९९९१४</td></tr>
<tr><td>८०।०७८।१।५</td><td>आधारभूत स्वास्थ्य केन्द्र वडा नं.८</td><td>ल्याव स्थापनार्थ औषधि खरिद गर्न</td><td>४२१०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>2420914</td></tr>
</table></td><td>२,४२०,९१४</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>सामाजिक सुरक्षा<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५ को परिच्छेद ७ र ८ मा बैकिङ्क प्रणाली मार्फत भत्ता बितरण तथा भत्ता बितरण गरे पछि बचेको रकम सम्बन्धित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता भुक्तानी बैंकिग प्रणालीमार्फत रु. ९४६०९०५०। भुक्तान गरेको छ । सामाजिक सूरक्षा भत्ता प्रदान गर्दा समयमा तथ्याङ्क अध्यावधिक हुने गरेको देखिएन साथै भत्ता वितरण बाँकी रहेको रकम समयमा फिर्ता गर्नुपर्नेमा नगरेकोले समयमै फिर्ता गर्ने तर्फ ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>मसलन्द तथा कार्यालय सामाग्री<br>नगरपालिकाले यस आ.व. मा विभिन्न फर्म तथा संस्थाहरुवाट कार्यालय प्रयोजनका लागी विभिन्न समयमा मसलन्द तथा कार्यालय सामाग्रीहरु खरिद वापत रु ४१ लाख ८४ हजार खर्च लेखेको छ । नगरपालिकामा खरिद गुरुयोजना तथा खरिद योजना नवनाई यस्ता प्रकृतिका कार्यहरु गर्दा वढी व्ययभार पर्ने हुनाले यस्ता खर्चलाई व्यवस्थित बनाउन समयमै ध्यान जानुपर्ने देखिन्छ । नगरपालिकाले यस्ता टुक्रा खरीदलाई व्यवस्थित हुने गरी मसलन्द सामाग्री तथा कार्यालय सामाग्रीको खरिद प्रकृया कानुन वमोजिम हुने गरी व्यवस्थित गर्नुपर्ने तिर कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **यातायात खर्च**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिम तथा गोष्ठिमा उपस्थित सहभागिलाई यातायात खर्च दिदाँ २दिन सम्मको लागि एकमुष्ट रु.२०० र २ दिन भन्दा बढीकोमा एकमुष्ट रु.५०० भुक्तानी दिन सकिने उल्लेख छ । यस नगरपालिकाबाट सञ्चालन भएको ३ दिने क्षमता अभिवृद्धिका लागि राजश्व लेखा व्यवस्थापन तथा बेरुजु फछ्र्यौट सम्बन्धि कार्यक्रममा सहभागि ४० जनालाई प्रति दिन रु.१००० का दरले रु. १२३०००। भुक्तानी गरेको देखियो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ४१ | | | **स्वास्थय संस्थालाई अनुदान**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७५ तथा नियमावली २०७७ को नियम ३९ तथा ४० वमोजिम कुनै पनि सार्वजनिक निकायले आफू मातहत रहेका कार्यालय वा संस्लाथाई अनुदान दिन नहुने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्ष नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थालाई अनुदान स्वरुप रु १२७७१००। खर्च लेखेको छ । उक्त अनुदान रकमवाट विभिन्न किसिमका कार्यक्रम , मसलन्द , फर्निचर, औषधिजन्य सामाग्री तथा करारका कर्मचारी नियुक्त गरी खर्च पुष्ट्याई गर्ने कागजात पेश भएको छ। यस्ता प्रकृतिका कार्य नगरपालिकाले समेत गर्ने गरेकोमा यस्ता खर्च एकद्वार प्रणालीवाट भएमा खर्चमा मितव्ययिता हुने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **जोखिम भत्ता**<br><br>:<br>आयकर ऐन २०५८ दफा ८७ वा ८८ अनुसार भुक्तानी गर्दाका वखत भुक्तानी रकममा कर गणना गरी मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष स्वास्थय संस्थामा कार्यरत स्वस्थ्यकर्मीहरुलाई तलवको १००% का दरले प्रोत्साहन वापत खर्च लेखेको छ । उक्त खर्च लेख्दा कट्टा गर्नुपर्ने कर कट्टा नभएकोले सम्वन्धित वाट असूल गरी दाखिला गर्नुपर्ने रु. | ११७,७४६ |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ४२.१ | लोकेन्द्र वहादुर ऐर | १९,७४० |
| ४२.२ | विरेन्द्र विष्ट | १२,९५० |
| ४२.३ | बसन्त धामी | १३,६५० |
| ४२.४ | विवेक धामी | १३,३३० |
| ४२.५ | दुर्गा दत्त भट्ट | १२,५९६ |
| ४२.६ | रमेश राज भण्डारी | १२,५९६ |
| ४२.७ | गोविन्द जोशी | ८,९८६ |
| ४२.८ | पुनम ठकुल्ला | ९,८७० |
| ४२.९ | हेलेन थापा | ९,८७० |
| ४२.१० | डम्वरी अवस्थी | ४,१५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **निजि शिक्षक**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७७ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. १२ लाख खर्च लेखिएको छ । यस्तो खर्च गर्दा कार्यविधि बनाई खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **डिसइन्फेक्ट कार्य**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७५ तथा नियमावली २०७७ को नियम ३९ अनुसार कुनै पनि सार्वजनिक निकायले आर्थिक कारोवार गर्दा कारोवारलाई पुष्टि गर्ने आधार प्रमाण विल भर्पाई कागजात प्रमाणित गरी खर्च लेख्ने व्यवस्था छ । नगरपालिका अन्तर्गत संचालनमा रहेको क्वारेन्टाइन आइसोलेसनका लागी प्रयोग गरिएका विद्यालय तथा कार्यालयहरु सेनिटाइज गर्न नगर कार्यपालिकाको मिति २०७७।७।१४ गते वसेको वैठकले क्वारेन्टाइन तथा आइसोलेसनमा वसेको व्यक्तिहरुको अनुपातमा सेनिटाइज गर्ने भनी निर्णय अनुसार विभिन्न विद्यालयमा प्रतिव्यक्ति रु.६४७।६७ का दरले २३१६ व्यक्ति वसेको आधारमा डिसइन्फेक्सन गर्न भनी जम्मा रु . १५०००००। खर्च लेखेको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ४५ | | | **महंगी भत्ता**<br>सामान्य प्रशासन मन्त्रालयको करारका कर्मचारीलाई सेवा सुविधाको लागी वनेको ऐनमा स्वीकृत दरवन्दी भन्दा वाहेक करारमा कर्मचारी राख्न नपाउने व्यवस्था छ । नगरपालिकाले स्वीकृत दरबन्दी भए नभएको यकिन नगरी करारका कर्मचारीलाई रु.१२४८०००।- महंगी भत्ता प्रदान गरेको छ । कार्यालयले संगठन तथा व्यवस्थापन सर्भेक्षण सभाबाट पारित गरी स्वीकृति गरेको छ भने अर्थ मन्त्रालयबाट सहमति लिएको पाइएन । कार्यसंचालन निर्देशिका, २०७५ बमोजिम संगठन तथा व्यवस्थापन सर्भेक्षणबमोजिम दरवन्दी थप गर्दा अर्थ मन्त्रालयबाट स्वीकृति लिएरमात्र खर्च गर्नुपर्ने व्यवस्था भएकाले मन्त्रालयबाट सहमति लिनुपर्दछ । | |
| ४६ | | | **प्रोत्साहन भत्ता**<br>**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने, इ हाजिरी अनिवार्य हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो कार्यविधि बनाएको छ भने अर्थ मन्त्रालयको स्वीकृती नलिई तथा इ हाजिरी अभिलेख नराखी रु.४१ लाख ३९ हजार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । यस्तो भत्ता खर्च गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिई सूचकसमेत बनाई सूचकका आधारमा भत्ता दिने व्यवस्था मिलाउनुपर्दछ । | |
| ४७ | | | **ढिला राजस्व दाखिला**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १२ वटा वडा पालिकाबाट प्राप्त गरेको राजश्व रकम रु.९१७८६४४.२२ ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन ।नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहायका केही वडा कार्यालयहरुले संकलन गरेको आन्तरिक राजश्व रकम ढिला गरी दाखिला गरेकोले नियमानुसार जरिवाना असुल गर्नुपर्ने तथा अन्य वडा पालिकाहरुको हकमा ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयबाटै एकिन गरी जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ रु. | २३४,४९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं. | वडा सचिवको नाम | संकलन गरेको मिति | बैंक जम्मा गरेको मिति | संकलित रकम | जरिवाना रकम | | |
| | | | | 1 | लाल बहादुर कठायत | २०७७।११।१२ देखि २०७७।११।२५ | २०७८।३।३१ | 225730 | 56432.5 | | |
| | | | | 2 | प्रेम प्रकाश जोशी | २०७७।११।११ देखि २०७७।१२।२२ | २०७७।१२।२५ | 121310 | 12131 | | |
| | | | | 5 | टेकराज पाण्डेय | २०७७।११।१९ देखि २०७८।1।15 | २०७८।1।15 | 103600 | 10360 | | |
| | | | | 7 | महेश भट्ट | २०७७।१०।१ देखि २०७७।१२।१ | २०७७।१२।७ | 313257 | 31326 | | |
| | | | | 8 | चन्द्र चौधरी | २०७७।५।९ देखि २०७७।६।१२ | २०७७।७।३ | 15000 | 3750 | | |
| | | | | | | २०७७।६।१२ देखि २०७७।७।१४ | २०७७।७।२४ | 14030 | 2105 | | |
| | | | | 9 | डम्बर राज जोशी | २०७७।११।१० देखि २०७७।१२।८ | २०७८।३।८ | 35080 | 8770 | | |
| | | | | | | २०७७।११।१९ देखि २०७७।१२।१ | २०७८।३।१५ | 29900 | 7475 | | |
| | | | | | | २०७७।१२।१० देखि २०७७।१२।२४ | २०७८।३।३० | 18170 | 4543 | | |
| | | | | | | २०७७।१२।२९ देखि २०७८।३।२८ | २०७८।३।३० | 14500 | 1450 | | |
| | | | | 10 | देवराज पन्त | २०७७।४।३२ देखि २०७७।५।१८ | २०७७।७।२५ | 19350 | 4838 | | |
| | | | | | | २०७७।११।१ देखि २०७७।११।२९ | २०७७।१२।१५ | 186739 | 28011 | | |
| | | | | | | | | | | | |
| | | | | 12 | टिकाराम चौधरी | २०७७।१०।२७ देखि २०७७।११।१९ | २०७७।१२।१३ २०७७।१२।१७ | 117119 | 29280 | | |
| | | | | | | २०७७।११।१८ देखि २०७८।१।२ | २०७८।३।८ | 136074 | 34019 | | |
| | | | | जम्मा | | | | | 234491 | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>राजस्व अनुमान तथा असुलि</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति देहाय अनुसार छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१००००००</td><td>२००८५९२</td><td>२०१</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>३०००००</td><td>९५०६३६</td><td>३१७</td></tr>
<tr><td>व्यवसाय कर</td><td>२२०००००</td><td>१२९७४६८</td><td>५८।९७</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>१००००००</td><td>५२२३२०८</td><td>५२२।३</td></tr>
<tr><td>अन्यबाट प्राप्त रोयल्टि</td><td>३००००००</td><td>५१८४७८</td><td>१७।२८</td></tr>
<tr><td>अन्य सेवा शुल्क तथा विक्रि</td><td>१८०००००</td><td>८२२१८६।९९</td><td>४५।६७</td></tr>
<tr><td>सिफारिस दस्तुर</td><td>२५०००००</td><td>५३९६७६७</td><td>२१५।८७</td></tr>
<tr><td>अन्य कर</td><td>८४०००००</td><td>११५७२४३७।५</td><td>१३७।७६</td></tr>
<tr><td>जम्मा</td><td>२०२०००००</td><td>२७७८९७७३।४९</td><td>१३७।५७</td></tr>
</table>
नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२ करोड २ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.२ करोड ७७ लाख ९० हजार अर्थात अनुमान भन्दा ३८ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ४९ | | | **अनुदानको अभिलेख**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्ने र अनुदान प्राप्त गर्ने अनुदान ग्राहीहरुको अधिलेख राख्ने गर्नुपर्दछ । नगरपालिकाले नगरपालिका कृषि तथा संघ शसर्तबाट उन्नत जातको धानको विउमा रु.१२२४४००। अनुदान खर्च लेखेको छ । नगरपालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदानको अभिलेख पनि नराखेकोले हरेक बर्ष सवै प्रकारका अनुदान सोही संस्था/व्यक्तिले दोहोर्‍याई लगेको पनि देखिन्छ । हरेक बर्ष उन्नत जातको धान,गहुँ जस्ता खाद्यान्नबालिमा कृषक अनुदान वितरण गर्ने र सोको अभिलेख तथा अनुगमनको लागि स्थानीय अनुदान नीति तय गरेको देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ । केही दोहोरो अनुदान प्राप्त गर्ने कृषक समूहहरु निम्नानुसार छन । | |

| अनुदानको विवरण | पाउने संस्था तथा सहकारी | अनुदान पाउने शीर्षक | |
|---|---|---|---|
| | | नगरपालिका कृषि | शसर्त कृषि |
| धानको विउ वितरण | हरियालि कृषक समूह | धान १२० केजि | धान १८० केजि |
| | अपिसैपाल कृषक सहकारी | धान १२० केजि | धान ६०० केजि |
| | राम जानकी कृषक समूह | धान ८० केजि | धान २४० केजि |
| | लागिगुँरास कृषक समूह | धान १६० केजि | धान १२० केजि |
| | सफल कृषक समूह | धान १२० केजि | धान १८० केजि |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>अग्रिम कर<br>आयकर ऐन, २०५८ को दफा ८८ अग्रिम करट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले अनुदानमा कृषकलाई कृषियन्त्र, उपकरण तथा ,विउविजन खरिद बापत सामान उपलब्ध गराए बापत सामान आपूर्तकबाट खरिद मुल्यमा अग्रिम करकट्टी गर्नुपर्नेमा नगरपालिकाबाट भएको भुक्तानी अंशमा मात्र अग्रिम करकट्टी गरेकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने अग्रिम करछुट हुन गएको देखियो । तसर्थ देहायको भुक्तानी बाहेक बाँकी रकममा तहाँबाटै एकिन गरी देहायको भुक्तानीमा छुट भएको कर सम्बन्धित फर्मबाट असुलउपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौ.नं/मिति</th><th>संस्थाको नाम</th><th>प्रयोजन</th><th>भुक्तानी रकम</th><th>करकट्ट हुनुपर्ने रकम</th><th>करकट्टी भएको रकम</th><th>छुट कर</th></tr>
<tr><td>२६०।०७८।३।१८</td><td>बडीमालिका तरकारी पकेट सञ्चालन समिति वडा नं. ११</td><td>कृषि अनुदान</td><td>५०००००</td><td>१५०००</td><td>८९५७</td><td>६०४३</td></tr>
<tr><td>१६१।०७८।२।२४</td><td>बैजनाथ कृषक समूह वडा नं.२</td><td>कृषि अनुदान</td><td>५०००००</td><td>१५०००</td><td>९२६२</td><td>५७३८</td></tr>
<tr><td>२९१।०७८।३।२२</td><td>जनजागृति कृषि सहकारी संस्था लि.</td><td>कृषि अनुदान</td><td>५०००००</td><td>१५०००</td><td>९३००</td><td>५७००</td></tr>
<tr><td>१९४।०७८।३।३</td><td>दुर्गा भवानी कृषक समूह वडा नं.७</td><td>कृषि अनुदान</td><td>५०००००</td><td>१५०००</td><td>७४४७</td><td>७५५३</td></tr>
<tr><td>१९३।०७८।३।२</td><td>फारमर्स सिड प्रा.ली.</td><td>उन्नत धानको विउमा कृषकलाई अनुदान</td><td>१४९८८००</td><td>२२४८२</td><td>११२४१</td><td>११२४१</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>३६२७५</td></tr>
</table></td><td>३६,२७५</td></tr>
<tr><td>५१</td><td>३२३</td><td>२०७८-३-२८</td><td>शिविर सञ्चालन खर्च-<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ अनुसार खर्च गर्दा खर्च पुष्ट्याई गर्ने प्रमाण कागजातका आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालनको लागि प्रचार प्रशार गर्ने कार्यको लागि सवारी धनि श्री शेर बहादुर ऐरसँग प्रतिदिन रु.८०००। का दरले गाडी भाडा भुक्तानी गर्ने गरी सम्झौता भएको देखियो । नगरपालिकाबाट विभिन्न मितिमा ४ दिन प्रचार प्रशार गरेको भनि रु.२४०००। भुक्तानी भएकोमा प्रमाणित सवारी लकबुक पेश नगरेको तथा सम्झौता गरेको भन्दा फरक व्यक्तिलाई रकम बुझेको देखिएकोले कार्यक्रम भए नभएको एकिन हुने प्रमाण काजगत पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>२२,१२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>प्रोत्साहन<br>सामान्यतया कार्यालय समयको अधि /पछिको समयमा अतिरिक्त काम सम्पादनार्थ प्रोत्साहन भत्ता द्धारा कर्मचारीहरुलाई थप सुविधाको व्यवस्था गरिन्छ । कार्यालयले भूमिहिन,दलित,भूमिहिन सुकुम्बासी अव्यवस्थित बसोबासको विवरण तथ्याङ्क संकलनमा खटिएको अवधिको खाईपाई आएको तलवको २५ प्रतिशतले थप प्रोत्साहन भत्ता वितरण गरेको भनि ३५ कर्मचारीहरुलाई प्रोत्साहन भत्ता खर्च लेखेकोमा अतिरिक्त समयमा बसी काम गर्न कार्यादेश र काम गरेको समयको प्रमाणित अभिलेख बेगर भत्ता खर्च लेखेको छ । प्रोत्साहन भत्ता खर्च गर्दा अर्थ मन्त्रालयको सहमति लिई सूचकसमेत बनाई सोही सूचकको आधारमा भत्ता दिनेतर्फ ध्यान पुर्‍याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३</td><td>255</td><td>२०७८-३-१८</td><td>सि.यु.जि.सिम अनुदान<br>कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप १.२ अनुसार शिक्षक तथा विद्यार्थीलाई सि.यू.जि. सेवामा आवद्ध गर्न स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ४ देखि १२ सम्मका विद्यार्थि संख्याका आधारमा प्रति विद्यार्थि मासिक रु.१२५ का दरले ३ महिनाको रकम विद्यालयलाई निकासा दिनुपर्ने व्यवस्था अनुरुप नगरपालिकाले ३० वटा विद्यायललाई सो कार्यको लागि रु.२८५००००। रकम निकासा भएकोमा नगरपालिका भित्र रहेका सवै विद्यालयहरुले कोभिडको बन्दाबन्दी भएको समयमा पनि भौतिकरुपमा नै कक्षा सञ्चालन गरेकाले उक्त कार्यको लागि निकासा भएको रकम खर्च नभएको देखिएकोले संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>२,८५०,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण-<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षणप्रतिवेदनमा औँल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । देहायबमोजिमका आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा फछ्र्यौट भएको प्रमाण पेश नभएकाले बेरुजु कायम गरिएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>भौचर नं. र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>समानीकरण चालु</td><td></td></tr>
<tr><td>१</td><td>११४/०७८/०१/०३</td><td>पोषण कार्यक्रम अन्तर्गत प्रशिक्षक प्रशिक्षण तालिम संचालन हुँदा तपिसल अनुसारका कर्मचारीहरुले तपिसल अनुसार दैनिक भ्रमण भत्ता प्रशिक्षक भत्ता यायात खर्च समेत भूक्तानी लिई दोहोरो भत्ता भुक्तानी लिएको देखिन आएकोले नियमानुसार दोहोरो भत्ता भूक्तानी लिन नमिल्ने हूँदा असुल उपर हुनु पर्ने रु.१५४९५।०० तपसिलः<br>१. ज.स्वा.नि.श्री प्रमानन्द भट्ट रु.५१६५।००<br>२. सि.अ.हे.व.श्री हरि नाथरु.५१६५।००<br>३. ज.स्वा.नि. श्री सरस्वती विष्ट रु.५१६५।००</td><td>१५४९५</td></tr>
<tr><td>२</td><td>११८/०७८/०१/०५</td><td>उद्यमशिलता विकास तालिम संचालनमा तपसिल अनुसारका पदाधिकारी कर्मचारीहरुले प्रशिक्षक तथा अनुगमन भत्ता भूक्तानी लिएको देखिन आएकोले अनुगमन भत्ता भूक्तानी लिन नियमानुसार नमिल्ने भएकोले असुल उपर हुनु पर्ने रु.१६०००।०० र प्रशिक्षक भत्तामा</td><td>२३२००</td></tr>
</table></td><td>३,७८१,८६८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पारिश्रमिक कर कट्टी नभएकोले पारिश्रमिक कर कट्टी गरी राजश्व दाखिला गरेको बैक भौचर पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.७२००।०० तपसिलः प्रशिक्षक भत्ता भूक्तानी<br>१. श्री धन बहादुर चौधरी रु. ३६००।००<br>२. श्री शान्ति कुमारी साउँद रु.३६००।०० | | | |
| | | | | ३ | १५४/०७८/०२/१६ | आधारभुत स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत आवश्यक कार्यालय सामानहरु उग्रतारा ट्रेड एण्ड सप्लायर्सबाट खरिद गरी विल पेश हुन आएकोले विल रकम सम्बन्धित फर्मलाइ नै भूक्तानी हुनु पर्नेमा हरि नाथलाई भुक्तानी भएको देखिन आएकोले भुक्तानी प्रक्रिया नियम संगत नभएकोले हाललाई सम्बन्धित फर्मलाइ रकम बुझाएको भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.३००००।०० | ३०००० | | |
| | | | | ४ | १८७/०७८/०३/०१ | विभिन्न कार्यालय सामानहरु विभिन्न फर्महरुबाट खरिद गरी कृष्ण प्रसाद भट्टले विल पेश गरी आफ्नो नामा भूक्तानी लिएको दखिएकोले भुक्तानी प्रक्रिया नियम संगत नभएकोले अब उप्रान्त सम्बन्धित फर्मलाई नै भूक्तानी हुने व्यवस्था मिलाउनु हुनका साथै हाललाई सम्बन्धित फर्मलाइ रकम बुझाएको भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.३८३५०।०० | ३८३५० | | |
| | | | | ५ | १८८/०७८/०३/०१ | विवध खर्च अन्तर्गत हेम राज खुद्रा एण्ड नास्ता पसलबाट खाजा नास्ताको विल पेश गरी कृष्ण प्रसाद भट्टले भूक्तानी लिएको दखिएकोले भुक्तानी प्रक्रिया नियम संगत नभएकोले अब उप्रान्त सम्बन्धित फर्मलाई नै भूक्तानी हुने व्यवस्था मिलाउनु हुनका साथै हाललाई सम्बन्धित फर्मलाइ रकम बुझाएको भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१९१२५।०० | १९१२५ | | |
| | | | | ६ | १९१/०७८/०३/०१ | आमा सुरक्षा कार्यक्रम अन्तर्गतको पिताम्बर स्वास्थ्य चौकीलाई भुक्तानी भएको रु.५८६००।०० मध्ये विल भर्पाइ पेश नभएकोले विल भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१३०००।०० | १३००० | | |
| | | | | ७ | २४२/०७८/०३/१६ | निशुल्क टिकट दर्ता शुल्क अनुदान अन्तर्गत आयुर्वेद औषाधालय झलारीलाई भूक्तानी भएको रु.१००००।०० को विल भर्पाईहरु पेश नभएकोले आवश्यक विल भर्पाईहरु पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१००००।०० | १०००० | | |
| | | | | ८ | ३०४/०७८/०३/२३ | विविध खर्च शिर्षक अन्तर्गत हेम राज खुद्रा एण्ड नास्ता पसलको खाजा नास्ताको विलको रकम गोविन्द भट्टको नाउमा भूक्तानी भएको देखिन आएकोले जुन फर्मबाट मालसामानहरु खरिद भएको हो सोही फर्मलाइनै भूक्तानी हुने व्यवसथा गर्न हुनका साथै हाललाई उक्त रकम सम्बन्धित फर्मलाइ बूझाई आवश्या भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१९०००।०० | १९००० | | |
| | | | | ९ | ३१४/०७८/०३/२४ | मध्यवर्ती युवा बाख्रा पालन समुहलाई बाख्रा खरिद वापत रु.१५०००००।०० भुक्तानी भएकोमा खरिद गरिएका बाख्राहरुको स्वास्थ परिक्षण गरी स्वास्थ्य परिक्षण प्रमाण पत्र पेश हुनु पर्नेमा नभएको र उप प्रमुखकको संयोजकत्वमा रहेको अनुगमन समितिले अनुगमन गरी सोको | ९९९८१ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | प्रतबेदन संलग्न राखी भूक्तानी हुनु पर्नेमा स्वास्थ परिक्षण प्रमाण पत्र र अनुगमन प्रतिबेदन बेगर भूक्तानी भएको देखियो । साथै संलग्न विलहरु मध्ये विल नं ५१० र ५१२ क्मशः विल रकम रु ६७८५०। र ३२१३१। का विलमा विल मिति उल्लेख नभएकोले सो विल रकमहरुको जम्मा रु ९९९८१। को कर समायोजन प्रमाण पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.९९९८१।०० | | |
| | | | १० | ३२३/०७८/०३/२८ | गाडी धनी शेर बहादुर ऐर संग भएको गाडी भाडा सम्बन्धि सम्झैता अनुसार प्रति दिन ८०००। का दरले गाडी भाडामा लिनेदिने सम्झौता भएको र गाडी के के-कति चल्यो र कहाँ कहाँ गएको हो लगबुक अध्यावधिक हुनु पर्नेमा सो नदेखिएको र सम्झौता अनुसार दैनिक ८०००। का दरले ३ दिनको २४०००।०० भुक्तानी हुनु पर्नेमा रजेन्द्र बहादुर सिहं मार्फत रु.२५०००।०० भूक्तानी भएकोले बढी भुक्तानी भएको असुल उपर हुनु पर्ने रु.१०००।०० | १००० | |
| | | | ११ | ३८/२०७७/०७/०५ | करारमा कार्यरत हेमराज अवस्थीलाई सुत्केरी तथा शिशु स्याहार भत्ता भुक्तानी गरीएको मा सामान्य प्रशासन मन्त्रालयको प.सं.कानून-१८-०७३/०७४, च.नं.२१७, मिति २०७४/०१/२५ अनुसार भुक्तानी गर्न नमिल्ने सुत्केरी तथा शिशु स्याहार भत्ता असुल गर्नुपर्ने रकम रु. | ५००० | |
| | | | १२ | २७८/२०७७/१०/१४ | न.पा. ले अनुदान रकम भुक्तानी गर्दा निश्चित मापदण्ड/कार्यविधि बनाई अनुदान भुक्तानी गरिनुपर्नेमा, सिद्धनाथ मा.वि. वेल्डाँडीलाई जनशक्ति व्यवस्थापन वापत मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान रकम भुक्तानी गरिएको छ । यसरी मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर भुक्तानी गर्न मनासिव देखिएन । मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान निकासा दिने कार्य नियन्त्रण हुनुपर्दछ । | १००००० | |
| | | | १३ | २४१/२०७७/१०/१५ | कर्मचारीहरुको थप सेवा सुविधा तथा प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधी २०७६ बुँदा ३ अनुसार प्रोत्साहन भत्ता निर्धारण सुचक अनुसूची १ मा व्यवस्था भए बमोजिम हुनेछ भनियता पनि सो अनुसार सुचक तयार नगरी स्वास्थ्य शाखा अन्तर्गत कार्यरत विभिन्न २८ जना कर्मचारीहरुलाई भुक्तानी गरिएको अनियमित रकम रु. | ८६७३० | |
| | | | १४ | २४४/२०७७/१०/०२ | न.पा. ले अनुदान रकम भुक्तानी गर्दा निश्चित मापदण्ड/कार्यविधि बनाई अनुदान भुक्तानी गरिनुपर्नेमा, पञ्चकोटी मणिकाधाम विद्यालयलाई जनशक्ति व्यवस्थापन अनुदान वापत मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान रकम भुक्तानी गरिएको छ । यसरी मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर भुक्तानी गर्न मनासिव देखिएन । मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान निकासा दिने कार्य नियन्त्रण हुनुपर्दछ । | १००००० | |
| | | | १५ | २४६/२०७७/१०/०४ | न.पा. ले अनुदान रकम भुक्तानी गर्दा निश्चित मापदण्ड/कार्यविधि बनाई अनुदान भुक्तानी गरिनुपर्नेमा, मंगल आ.वि. लाई निजी शिक्षकलाई पोशाक भत्ता वितरण/जनशक्ति व्यवस्थापन वापत मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर अनुदान रकम भुक्तानी गरिएको छ । यसरी मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर भुक्तानी गर्न मनासिव देखिएन । मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान निकासा दिने कार्य नियन्त्रण हुनुपर्दछ । | ५०००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | १६ | २४७/२०७७/१०/०४ | न.पा. ले अनुदान रकम भुक्तानी गर्दा निश्चित मापदण्ड/कार्यविधि बनाई अनुदान भुक्तानी गरिनुपर्नेमा, जनचेतना आ.वि. लाई शैक्षिक गुणस्तर सुधार गर्न मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान रकम भुक्तानी गरिएको छ । यसरी मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर भुक्तानी गर्न मनासिव देखिएन । मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान निकासा दिने कार्य नियन्त्रण हुनुपर्दछ । | ५०००० | |
| | | | १७ | २४८/२०७७/१०/०४ | न.पा. ले अनुदान रकम भुक्तानी गर्दा निश्चित मापदण्ड/कार्यविधि बनाई अनुदान भुक्तानी गरिनुपर्नेमा । वैजनाथ उच्च मा.वि.लाई शैक्षिक गुणस्तर सुधार तथा शिक्षक व्यवस्थापन अनुदान मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर अनुदान रकम भुक्तानी गरिएको छ । यसरी मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर भुक्तानी गर्न मनासिव देखिएन । मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान निकासा दिने कार्य नियन्त्रण हुनुपर्दछ । | ९०००० | |
| | | | १८ | २५४/२०७७/१०/०४ | न.पा. ले अनुदान रकम भुक्तानी गर्दा निश्चित मापदण्ड/कार्यविधि बनाई अनुदान भुक्तानी गरिनुपर्नेमा । वैजनाथ आ.वि. लक्ष्मीपुरलाई शैक्षिक गुणस्तर सुधार तथा शिक्षक व्यवस्थापन अनुदान मापदण्ड/ कार्यविधि तथा विल भर्पाई वेगर अनुदान रकम भुक्तानी गरिएको छ । यसरी मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर भुक्तानी गर्न मनासिव देखिएन । मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान निकासा दिने कार्य नियन्त्रण हुनुपर्दछ । | १३९००० | |
| | | | १९ | २६०/२०७७/१०/०७ | न.पा. ले अनुदान रकम भुक्तानी गर्दा निश्चित मापदण्ड/कार्यविधि बनाई अनुदान भुक्तानी गरिनुपर्नेमा । वैजनाथ आ.वि. पारिफाँटालाई शैक्षिक गुणस्तर सुधार तथा शिक्षक व्यवस्थापन अनुदान मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर अनुदान रकम भुक्तानी गरिएको छ । यसरी मापदण्ड / कार्यविधि तथा विल भर्पाई वेगर भुक्तानी गर्न मनासिव देखिएन । मापदण्ड/कार्यविधि तथा विल भर्पाई वेगर अनुदान निकासा दिने कार्य नियन्त्रण हुनुपर्दछ । | १००००० | |
| | | | २० | ३९९/२०७७/११/२३ | सामानिकरण अनुदानको बजेटबाट सरस्वती मा.वि.का अस्थायी तथा निजी स्रोतका शिक्षकहरुलाइ तलब भत्ता भूक्तानी भएको नियम संगत नभएको रु.२०००००।०० | २००००० | |
| | | | २१ | ५००/२०७७/१२/२९ | श्री कृष्ण आ.वि. बन्साहालाई शैक्षिक स्तर सुधार तथा शिक्षक व्यस्थापनका लागि रु.१९००००।०० भूक्तानी भएकोमा विद्यालयले पेश गरेको कार्य विधिमा उल्लेखित रकम खुल्ने गरी खर्चको प्रस्ताव पेश नभएको र खर्चको विल भर्पाई हरु पेश हुन नकोले आवश्यक कागजातहरु र विल भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१९००००।०० | १९०००० | |
| | | | २२ | ५४८/२०७८/०१/०६ | से.१.च. १५८६ स्कारपियो गाडी वडा नं.५ का किसान उपभोक्ताहरुलाइ नेपाल गंज बाँकै अनुगमन गर्न गाडी प्रयोग गरे वापत गाडी धनी बसन्त राज भट्टलाई रु. ३५२००।०० भूक्तानी भएकोमा गाडीमा कति जना किसान उपभोक्ताहरु गएका हुन र के-कति दिन गाडी प्रयोग भएको स्पष्ट खुल्ने प्रमाण पेश नभएको र किसान उपभोक्ताहरु अनुगमनमा गएको खुल्ने प्रमाण कागजातहरु पेश नभएकोले नियम संगत नदेखिएको आवश्यक कागजातहरु पेश गरी नियमित हुनु पर्ने रु.३५२००।०० | ३५२०० | |
| | | | २३ | ५५५/२०७८/०१/०६ | राम जानकी देखि लामी खाल सम्म पिकेट जाली नि.स.लाइ पेश्की सहित रु.१७५७७१५।०० भूक्तानी भएकोमा उ.स.को प्राविधिक विल अनुसार कुल विल रकम रु.२१८७२५९।३९ बाट जन श्रमदान रु ४३९५४३।६३ घटाई कार्यालयको तर्फबाट रु.१७४७७१५।७६ | ९९९९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भुक्तानी हुनु पर्नेमा १७५७७१५।०० भूक्तानी भएकोले बढी भूक्तानी भएको असुल उपर हुनु पर्ने रु.९९९९।२४ | | | |
| | | | | २४ | ५६१/२०७८/०१/०७ | वडा नं.५ को विद्युत महशुल वापत रु ३७५५।०० भूक्तानी भएकोमा विद्युत महशुल तिरेको बिल र रसिद पेश नभई रकम भूक्तानी भएकोले आवश्यक विल र रसिद पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.३७५५।०० | ३७५५ | | |
| | | | | २५ | ६३१/२०७८/०२/२६ | आधारभुत स्वास्थ्य केन्द्र कालागौडी को अन्तिम किस्ता वापत भूक्तानी भएको अनुदान रकम रु.१३५०००।०० को आवश्यक विल भर्पाईहरु पेश नभएकोले आवश्यक विल भर्पाईहरु पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१३५०००।०० | १३५००० | | |
| | | | | २६ | ६७१/२०७८/०३/०१ | आधारभुत स्वास्थ्य केन्द्र वडा नं.१२ जोनापुरलाइ भूक्तानी भएको अनुदान रु.२०००००।०० मध्ये विल भर्पाई पेश नभएकोले आवश्यक विल भर्पाईहरु पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.८०१६०।०० | ८०१६० | | |
| | | | | २७ | ६७७/२०७८/०३/०१ | निजामती सेवा ऐन नियमावली अनुसार हाल अस्थायी कर्मचारी नियुक्ती गर्ने व्यवस्था नरहेको र करार कर्मचारीलाइ ग्रेड भूक्तानी दिन नमिल्ने प्रावधान रहेकोले अस्थायी खा.पा.स.टे.श्री नारायण दत्त जोशीलाइ २०७६ पौष देखि २०७८ जेठ सम्म भूक्तानी भएको ग्रेड रकम असुल उपर हुनु पर्ने रु.१३९५२५।१० | १३९५२५ | | |
| | | | | २८ | ६८८/२०७८/०३/०३ | थारु संग्राहलय संचालन तथा व्यवस्थापनका लागि वडा नं.५ को बजेटबाट अनुदान स्वरुप थारु संग्राहलय संचालन तथा व्यवस्थापन समितिलाई कार्यक्रम प्रस्तावना र विल भर्पाई बेगर भूक्तानी भएकोले आवश्यक विल भर्पाईहरु पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.५०००००।०० | ५००००० | | |
| | | | | २९ | ६९५/२०७८/०३/०३ | श्री सिध्दनाथ मा.वि.बन्साहलाइ वडा नं.२ को बजेटबाट निकासा भएको अनुदान रकम रु.२७००००।०० मध्ये आवश्यक विल भर्पाई बेगर भूक्तानी भएको विल भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.७२२००।०० | ७२२०० | | |
| | | | | ३० | ७८९ | दलित आदिवासी जनजाती लक्षित कार्यक्रम अन्तर्गत आलु चिप्स पापड नमकिन अचार सम्बन्धि ५ दिनेतालिम संचालन वापत वडा नं. ९ का वडा सचिव श्री डम्बर दत्त जोशीलाई भूक्तानी भएको रु.१४४२८५।० मध्ये तपसिल असारका प्रशिक्षकहरुलाइ प्रशिक्षकहरुको प्रमाण -पत्र र तालिम कार्यक्रमको समय तालिकाबेगर भूक्तानी भएकोले आवश्यक कागजातहरु पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१९०२५।००<br>१.श्री मधु बोहरा रु.३८२५।००<br>२.श्री पुष्पा के.सी. रु.३८२५।००<br>३.श्री हिरा ऐर रु.३८२५।००<br>४.श्री विश्ना पन्त रु.२५५०।०० | १९०२५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ५.श्री व्दारिका कुवँर रु.३८२५।००<br>६.श्री लक्ष्मी कुमारी ऐर रु.१२७५।०० | | | |
| | | | | ३१ | ७९२।२०७८।०३।<br>१६ | वडा नं.५ को अपागं तथा एकल महिला सामाजिक सहायता कार्यक्रमको रकम तपसिल अनुसारका व्यक्तिलाई भूक्तानी हुँदा सामानिकरण अनुदानबाट आर्थिक सहयोग वितरण गरिएको नियम संगत नभएको व्यक्ति छनौट को कुनै आधार तयार नगरी वडा बाट सिफारिस भएको अपागं तथा एकल महिला हो भन्ने प्रमाण पेश नभएकोले नियम संगत नभएको रु.५००००।००<br>१.श्री कलावती बडू रु.१००००।००<br>२.श्री दशरथ भट्ट रु.३००००।००<br>३.श्री लिला देवी चन्द रु.१००००।०० | ५०००० | | |
| | | | | ३२ | ८८८।२०७८।०३।<br>२२ | मसलन्द तथा कार्यालय सामान खरिद विल सम्बन्धित फर्मलाइ नै भूक्तानी हुनु पर्नेमा वडा नं.११ का वडा सचिव अम्मरा कुमारी जोशीको नाउमा भूक्तानी भएकोले अब उप्रान्त सम्बन्धित फर्मलाइ नै भूक्तानी हुने व्स्था हुनुका साथै हाललाई सम्बन्धित फर्मलमई रकम बुझाएको भर्पाई पेश गरी नियमित हुनु पर्ने र खरिद भएका कार्यालय सामानहरु जिन्सी दाखिला नभई भूक्तानी भएकोले दाखिला गरी नियमित हुनु पर्ने रु.१४७७५।०० | १४७७५ | | |
| | | | | ३३ | ९०८।२०७८।०३।<br>२३ | वडा नं.१२ का वडा सचिव श्री टिकाराम चौधरीलाइ दलित बालबालिकाहरुका लागि पोशाक खरिद तथा वितरण वापत भूक्तानी भएको र.२१२५०।०० पोशाक वितरण भर्पाइ पेश हुन आएको भएतापनि भर्पाईमा एउटै व्यक्तिले दस्तखत गरेकोले सम्बन्धित व्यक्तिको दस्तखत भएको भर्पाई पेश हुनु पर्ने दलित बालबालिकाहरु कुन कुन विद्यालयमा कुन कुन कक्षामा अध्ययनरत छन सो प्रमाण पेश हुनु पर्नेमा नभएको र पोशाक वितरण गर्दाको फोटो समेत संलग्न हुनु पर्नेमा नभएकोले आवश्यक कागजातहरु पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.२१२५०।०० | २१२५० | | |
| | | | | ३४ | ९४८।२०७८।०३।<br>२७ | कोविड रोकथाम तथा नियन्त्रणका लागि आधारभुत स्वास्थ्य सेवा केन्द्र रानीपुरलाई रु.३०००००।०० अनुदान रकम भूक्तानी भएकोमा सो रकम खर्च भएको देखिने विल भर्पाई र प्रमाणहरु पेश नभएकोले आवश्यक विल भर्पाईहरु पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.३०००००।०० | ३००००० | | |
| | | | | ३५ | ९५१।२०७८।०३।<br>२८ | वडा नं.५ का वडा सचिव श्री टेक राज पाण्डेयले तरकारीको विउ खरिद गरी वडा नं.का किसानहरुलाई विरण गर्दा सान्त एग्रो भेट सेन्टरबाट विउ खरिद गरी वितरण गरेकोले विल रकम सम्बन्धित फर्मलाई नै भूक्तानी हुनु पर्नेमा टेक राज पाण्डेयले भूक्तानी लीएकोले अबउप्रान्त सम्बन्धित फर्मलाई नै भूक्तानी हुने व्यवस्था हुनुका साथै हाललाई सम्बन्धित फर्मलाई रकम बुझाएको भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.२५०००।०० | २५००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ३६ | ९५७।२०७८।०३।२८ | आरन सुधार कार्यक्रम अन्तर्गत रु.५००००।०० वडा नं ५ का वडा सचिव श्री टेक राज पाण्डेयले भूक्तानी लिई न्यु ए.वि.ट्रेडर्सबाट आरनका सामग्री खरिद गरी आरन पेशामा संलग्न व्यक्तिहरुलाई वितरण गरेकोमा जुन फर्मबाट सामानहरु खरिद गरिएको सोही फर्मलाइ नै रकम भूक्तानी हुनु पर्नेमा सो नगरेको पाईएकोलेअबउप्रान्त सम्बन्धित फर्मलाई नै रकम भूक्तानी हुने व्यवस्था हुनुका साथै हाललाई सम्बन्धित फर्मलाई रकम बुझाएको भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.५००००।०० | ५०००० | |
| | | | ३७ | ९६८।२०७८।०३।२८ | खेलकुद सामग्रीहरु खरिद गरी कृष्णपुर युवा क्लबलाई वितरण गर्दा काजल ट्रेडर्सबाट खरिद गरी वितरण गरिएकोमा सम्बन्धित फर्मलाई नै रकम भूक्तानीहुनु पर्नेमा वडा नं का वडा सचिव श्री महेश भट्टले भूक्तानी लिएको देखिएकोले अबउप्रान्त जुन फर्मबाट सामान खरिद गरिएको सोही फर्मलाइ नै रकम भूक्तानी हुने व्यवस्था हुनुका साथै हाललाई सम्बन्धित फर्मलाई रकम बुझाएको भर्पाइ पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.९९९९४।०० | ९९९९४ | |
| | | | | | समानिकरण, आन्तरिक स्रोत र राजश्व बाँडफाँड, पूँजिगत तर्फ | ० | |
| | | | ३८ | ४८/२०७७/११/०९ | वैजनाथ कंक्रिट उद्योगबाट वडा नं. ९ का लागि ह्युमपाईप खरिद गरेकोमा सो विल रकमको भूक्तानी सम्बन्धित फर्मलाइ नै भूक्तानी हुनु पर्नेमा वडा सचिव श्री डम्मर राज जोशीलाइ भूक्तानी भएकोले भूक्तानी प्रक्रिया नियम संगत नभएकोले अबउप्रान्त सम्बन्धित फर्मलाई नै भूक्तानी हुने व्यवस्था हुनुका साथै हाललाइ सम्बन्धित फर्मलाइ रकम बुझाएको भर्पाइ पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.४८४२५।०० | ४८४२५ | |
| | | | ३९ | ४९/२०७७/११/१० | वडा नं.१ मा खानेपानी जडान वापतको रकम वडा सचिव श्री लाल बहादुर कठायतले भूक्तानी लिएकोमा पेश हुन आएको मौभेरा विजुली भण्डार शु.न.पा. ११ को पानं.६०३६०१९६३ को पान नं. फर्म दर्ता समेत भएको पाईएन साथै जुन फर्मबाट सामान खरिद भएको हो सोही फर्मलाई नै भूक्तानी हुनु पर्नेमा वडा सचिव श्री लाल बहादुर कठायतलाइ भूक्तानी भएकोले अबउप्रान्त सम्बन्धित फर्मलाइ नै भूक्तानी हुनु पर्ने व्ययवस्था हुनु पर्ने नियम संगत नभएकोले हाललाई सम्बन्धित फर्मलाई रकम बुझाएको भर्पाई पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.३५५३७।०० | ३५५३७ | |
| | | | ४० | ५९/२०७७/११/१८ | मताहा खल्ला कल्भर्ट देखि केशव राज पाण्डेयको घरसम्म माटो भरान र ग्रावेल उ.स.लाइ रु.४३४२८८।०० भूक्तानी हूँदा माटो भरान गर्ने कार्यमा ३३४.८० परिमाणको स्टीमेट भएकोमा ३७४.६० बराबरको काम गरेकोले स्टीमेट भन्दा बढी काम भएको हूँदा भेरिएसन आदेश गरी कार्य सम्पन्न गर्नु पर्नेमा सो नभएकोले भेरिएसन आदेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.६६५१२।७१ | ६६५१३ | |
| | | | ४१ | ६९/२०७७/१२/१२ | फर्निचर तथा फिक्चर्स खरिद विल वापतको रकम रु.१३५६००।०० वेताल काष्ठ फर्निचर उद्योगलाई भूक्तानी हुँदा पान नं. ६०२३८१५८९ को कर विजकमा कर विजक नं. प्रिन्टेड हुनु पर्नेमा हस्त लिखित कर् जक नं. भएको कर विजक पेश हुन आएकोले उक्त कर विजक सक्कली हो भन्ने एकिन हुन नसकेकोले भूक्तानी भएको रकमको कर समायोजन प्रमाण पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१३५६००।०० | १३५६०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | विवरण | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | ८७/२०७८/०१/१० | | सुनवरा नदीमा डाईभर्सन निर्माण कार्य गरे वापत वडा नं.३ का वडा सचिव श्री श्यामलाल डगौराले रु.७७०६३।०० भूक्तानी लिएको रकम मध्ये ईन्धन विल वापत त्रिलोचन आयल स्टोरलाई भूक्तानी हुनु पर्ने रु.२१९९९।५९ सम्बन्धित फर्मलाई रकम बुझाएको भर्पाइ पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.२१९९९।५९ | २२००० |
| ४३ | ९७/२०७८/०१/१५ | | वन्जरिया वेलको रुख देखि उत्तर वडा नं.६ को सिमाना सम्म विचको नयाँ बाटो र वासुदेव भट्टको घर सम्म नालीमा माटो भरान कार्यको कोटेसन मार्फत ममताज कन्स्ट्रक्सन सर्विस लाई रु ३४०९३९ भूक्तानी हुँदा मु.अ.कर रकमको ५० प्रतिशत रकम स्रोतमा कट्ट गरी राजश्व दाखिला हुनु पर्नेमा कर कट्टी छुट हुन गएकोले कर समायोजन विवरण पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१९६०८।०० | १९६०८ |
| ४४ | १००/२०७८/०३/०१ | | विद्युत ३ फेस लाईन विस्तार र तार खरिदको वापत बि.आर. एण्ड सप्लायर्सलाई रु.२३६५६५।०० भूक्तानी हूँदा बि.आर कन्स्ट्रक्सन एण्ड सप्लायर्सको पान नं. ६०१०७०९३८ को कर विजकमा कर विजक नं.उल्लेख नभएले सो कर विजक सक्कली वा नक्कली हो भन्ने एकिन हुन नसकेकोले सो रकमको कर समायोजन विवरण पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.२३६५६५।०० | २३६५६५ |
| ४५ | १२१/२०७८/०३/१३ | | डा नं. ३ को स्याली सुनवरा नदीमा जैविक तटबन्ध निर्माण वापत जीवन ज्योति सामुदायिक विपद व्यवस्थापन समितिलाइ रु.१९९९२५। भूक्तानी हुँदा योजनाको कार्य सम्पन्न प्रतिबेदन बेगर भूक्तानी भएकोले कार्य सम्पन्न प्रतिबेदन पेश गरी नियमित हुनु पर्ने रु.१९९९२५।०० | १९९९२५ |
| ४६ | १२५/२०७८/०३/१५ | | झलारी हाईवे देखि उत्तर क्याम्पस रोड हुँदै सिसैया पुल र पश्चिम कार्की मेडिकलसम्म कालो पत्रे पंचकोटी निर्माण सेवालाई रु.३८३४२९।०० भूक्तानी हूँदा उक्त योजनाको स्टीमेट र कार्य सम्पन्न प्रतिबेनको सि.नं.१ मा विमा वापत रु.१५०००।०० उल्लेख भई विमा गरेको कागजात बेगर भूक्तानी भएकोले विमा गरेको कागजातहरु पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु.१५०००।०० | १५००० |
| ४७ | १२७/२०७८/०३/१५ | | वैजनाथ मा.वि.घेर पर्खाल निर्माण उ.स.लाइ रु.१९९५२६।०० भूक्तानी हूँदा दक्ष तथा अदक्ष कामदारको ज्यालामा रु.८००।०० सा.सु.कर कट्टी नगरी भूक्तानी भएकोले असुल उपर हुनु पर्ने रु.८००।०० | ८०० |
| ४८ | १८८/२०७८/०३/२८ | | क्वारेन्टाईन संचालन तथा व्यवस्थापन वापतको खर्च विल महादेव फैन्सी स्टोरलाई रु.९५७००।०० भूक्तानी हूँदा भ्याट विलबाट खरिद हुनु पर्नेमा पान विलबाट खरिद भएकोले १५ प्रतिशत अग्रिम आयकर कट्टी हुनु पर्नेमा १.५ प्रतिशत अग्रिम आयकर कट्टी भएकोले घटी कट्टी भएको अग्रिम आय कर असुल उपर हुनु पर्ने रु.१२९१९।०० | १२९१९ |
| ४९ | २२६/२०७८/०३/३० | | भूमि सम्बन्धि समस्यासमाधान समितिको बैठक र लगत संकलन कर्ताहरुहको ज्याला रकम भूक्तानी वापत वडा नं ४ का वडा सचिव श्री धना कुमारी जोशीले भूक्तानी लिएको रकम मध्ये विशन सिहं थापा रु.३४००।०० र तुलसी देवी हमालाई भूक्तानी हुनु पर्ने रु.४२५०।०० रकम सम्बन्धित व्यक्तिलाई बुझाएको भर्पाइ पेश नभएकोले भर्पाई पेश हुनु पर्ने अन्था असुल उपर हुनु पर्ने रु.७६५०।०० | ७६५० |
| ५० | २३५/२०७८/०३/३० | | भूमि सम्बन्धि समस्यासमाधान समितिको बैठक र लगत संकलन कर्ताहरुहको ज्याला रकम भूक्तानी वापत वडा नं ७ का वडा सचिव श्री महेश भट्टले भूक्तानी लिएको रकम मध्ये विशन सिहं थापा रु.४२५०।०० र तुलसी देवी हमालाई भूक्तानी हुनु पर्ने रु.३४००।०० र बसन्ती | १५३०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | देवी विष्ट रु.७६५०।०० रकम सम्बन्धित व्यक्तिलाई बुझाएको भर्पाइ पेश नभएकोले भर्पाई पेश हुनु पर्ने अन्था असुल उपर हुनु पर्ने रु.१५३००।०० | |
| | | संघीय सरकार हस्तान्तरित पूंजीगत | ० |
| ५१ | ३२/२०७८/०३/२९ | नौखरी मल्टी स्थान ट्रस्टपुल झाली कंचनपुरको प्राविधिक तथा समाजिक सेवा शुल्क रकमरु.९७००९।०० भूक्तानी हुँदा स्रोतमा कट्टी हुनु पर्ने ३० प्रतिशत भ्याट रकम कट्टी नभएकोले भ्याट समायोजन पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.३३४८।०० | ३३४८ |
| | | प्रदेश सरकार हस्तान्तरित पूँजीगत | ० |
| ५२ | ०८/२०७८/०३/२५ | सडक स्तरोन्नती अन्तर्गत कोटेसन मार्फत निलम कन्स्ट्रक्सनलाई विल रकम भूक्तानी हुँदा भ्याट रकमको ३० प्रतिशत स्रोतमा कट्टी हुनु पर्ने भ्याट रकम कट्टी नभएकोले कर समायोजन विवरण पेश हुनु पर्ने अन्यथा असुल उपर हुनु पर्ने रु २५७८९।०० | २५७८९ |
| ५३ | ०८/२०७८/०३/२५ | सडक स्तरोन्नती अन्तर्गत कोटेसन मार्फत पन्त कन्स्ट्रक्सनलाई विल रकम भूक्तानी हुँदा प्राविधिक विल अनुसार भ्याट सहित रु.४८३५३३।७८ हुनु पर्नेमा रु.४८४६५९।०० भूक्तानी हुन गएकोले बढी भूक्तानी भएको असुल उपर हुनु पर्ने रु.११२५।०० | ११२५ |
| | | जम्मा | ३७८१८६८ |

५५

अनुगमन तथा सम्परीक्षण-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फर्छ्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्छ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ५०११६००० | ० | ५०११६००० |

५६

अद्यावधिक बेरुजु-

यस पालिकाको २०७७।७८ सम्मको फर्छ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ५०११६००० | ० | १५८०८००६ | ० | ६५९२४००६ |